मण्डलीहरु वृद्धि होऊन्

पाष्टरीय तालीम पुस्तिका

५२

तालीम र वृद्धि

T&M ®

यो अध्ययन पढ्दै गर्नुहुँदा प्रभुले नै अगुवाइ गरुन् भनी प्रभुसँग अगुवाइ माग्नोस् ।

परमेश्वरको शक्तिद्वारा मण्डलीको वृद्धि भएको होस्

एउटा सानो मण्डलीको पाष्टर जोन अलि चिन्तित देखिन्छ :

शायद बिरुले ठीकै भन्दैछ । एलिनालाई विश्वासमा ल्याउनको निम्ति म अलि कडासँग नै बोल्नु पर्‍यो ।
....अनि ग्रीक भाषामा पश्चातापलाई "मेटानोइया" भनिन्छ जसको अर्थ हुन्छ मनोवैज्ञानिक स्वभावलाई परिवर्तन गर्नु !
कृपया गइहाल्नोस् ! विदेशीले जस्तै बोल्दै यता नआउनुहोस् ।
मैले ता ईश्वरशास्त्रको भाषामा मात्र बोल्न खोज्दै थिएँ ।

पाष्टर चन्द्रको घरमा...

जोन, मलाई थाहा छ, तपाईंले बढो कठोर परिश्रम गर्नुहुन्छ भनेर। तर तपाईंले ता मण्डलीलाई आफ्नै शक्तिमा बढाउने प्रयास गरिरहनु भएको छ। तपाईंले मानिसहरुलाई "खीष्टको निम्ति निर्णय गर्न" धकेल्दै हुनुहुन्छ तर तिनीहरुले त यसरी उहाँलाई पछ्याउने छैनन्। परमेश्वर लाई काम गर्न दिउँ अनि मण्डलीको वृद्धि स्वतः हुनेछ। उहाँमा भरोसा राखौं। वृद्धि ता परमेश्वरबाट आउँछ। (एफिसी २:८)
यदि कुनै व्यक्तिमा पवित्र आत्माले काम गरिरहनु भएको छैन भने, उसले गरेको निर्णय बेकार भएर जान्छ। येशूलाई बिचार गर्नोस्.... उहाँले मानिसहरुलाई कहिल्यै कर गर्नु भएन। मानिसहरुले विश्वास गरुन् भनी तपाईंले अति जोड लाउनु भएको बुझिन्छ। प्रभुमा बढी भर ोसा गर्नु होस्। सरल रुपमा मानिसहरुलाई साक्षी दिने काम गरिरहनु होस्। परमेश्वरले उनीहरुको हृदयमा काम गर्नु हुनेछ।



एक महीना पछि, चन्द्र आउँछ अनि त्यो बढिरहेको बिरुवालाई हेर्छ । उसले आफ्नो मित्र जोन र उसको साथी लूकालाई त्यहाँ पाउँछ ।

तर लूकाले निर्देशनहरु पढ्छ मात्र, घरिघरि दोहोऱ्याएर ।

उसलाई ट्वाँ परेर नहेर्नोस् । लूकाले ती निर्देशनहरु पढि मात्र रहेको जस्तै तपाईंले पनि परमेश्वरको वचन प्रचार मात्र गर्दै हुनुहुन्छ ! खाली जादूवालको बात जस्तै सुनेको सुन्यै !
याकूब १:२२ ले भन्छ; *"तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ ।"* त्यसरी प्रचार मात्र गर्दा कुनै परिणाम आउने छैन । तपाईं स्वयंको उदाहरणद्वारा उनीहरुलाई खीष्टको आज्ञाहरु पालन गर्न सिकाउनु होस् । तब तपाईंको मण्डली स्वाभाविक ढङ्गमा बढेको देख्दा तपाईं आश्चर्यमा पर्नु हुनेछ ।

तर म आश्चर्यमा परिरहन चाहन्नँ । मलाई यस्ते वृद्धि मन पर्दैन । हाम्रो मण्डलीले पालन गर्दै आएको कार्यक्रम पूरा गऱ्यो भने मलाई पुग्छ । परमेश्वरले संख्यामा रुची लिनुहुन्न ।

के तपाईंले खीष्टको आज्ञा पालन गर्न नचाहनुको निम्ति बहाना बनाउँदै हुनुहुन्छ ? मत्ती २८:१९-२० मा भएको महान आज्ञाले के भन्छ ?

तर सुसमाचार सुनाउनुभन्दा अघि केही कुराहरु हुनु जरुरी छ ।



यसै बेला, जोनले प्रार्थना गर्दछ अनि परमेश्वर उनीसँग यसरी बोल्नुहुन्छः *"मेरो शक्तिद्वारा मेरो मण्डलीको वृद्धि भएको होस ।"* (मर्कूस ४:२६-२९)

पाष्टर जोनले एलिनासँग फेरि कुराकानी गर्नुहुन्छ.... खीष्ट 'को' हुनुहुन्छ अनि उहाँले 'के' गर्नुभयो भनी बताउनुहुन्छ.... ।

सारांशमा

क) पूर्ण रुपमा मानवी योजनाहरु



ख) परमेश्वरद्वारा अगुवाइ पाएर तयार पारिएका कार्यक्रमहरु

१. किन साँचो मण्डली मानवी प्रयासमा बढ्न सक्तैन ?
(१ कोरन्थी ३:६)

_____

२. कसरी हाम्रा कार्यक्रमहरु परमेश्वरको स्वाभाविक
काममा परिणत हुन सक्ला ?

_____

३. मण्डलीलाई वृद्धि हुन दिनको निम्ति हामीले के गर्नुपर्छ ?
(१ कोरन्थी ३:६-११)

_____

_____

४. मत्ती २८:२० पढ्नोस् । हामीले नयाँ विश्वासीहरुलाई
के गर्नको निम्ति सिकाउँछौं, लेख्नोस् :

_____

_____

मण्डलीको आत्मिक उन्नतिको निम्ति तपाईंको ज्ञानलाई प्रयोग गर्नु होस् ।



यो ठूलो पुस्तकबाट सिकाउनको निम्ति जोनले धेरै लामो समय लिन्छ ।



दुखलाग्दो कुरो, मानिसहरुको खाँचोलाई वास्तै नगरी जोनले बाइबलको पद पद गरेर अध्ययन गराउने काम गर्दछ ।



लूकाले अध्ययन गर्नै छोडिसकेको छ। उसले ता पौधाहरुलाई मात्र देखरेख गर्दछ।

जोनले फेरि पनि प्रार्थना गर्दछ अनि परमेश्वर उनीसँग बोल्नुहुन्छ :

"वचनको प्रेमले गर्दा मात्र बाइबल सिकाउने होइन, तर सरल विश्वास र प्रेममा ख्रीष्टको देहले उनीहरुको शिरको आज्ञा पालन गर्नमा सहयोग पुग्ने गरी सिकाउनु हो ।"
(यूहन्ना १४:१५, याकूब १:२२)

ज्यू । प्रभु । म तिनीहरुलाई तपाईंको वचन उनीहरुको जीवनमा लागू हुन सक्ने गरी मात्र सिकाउने छु ।

वचन कन्ठ गर्नुभन्दा आज्ञा पालन अति मुख्य हो । आज, तपाईंहरुमध्ये कति जनाले बप्तिस्मा लिनु हुनेछ । तब तपाईंले पनि हामीसितै हामीले पालन गर्नु पर्ने प्रभुका आज्ञाहरु सिक्नुहुनेछ । म तपाईंलाई यी कुराहरु अलि अलि गरेर सिकाउने छु, ताकि तपाईं ती कुराहरुलाई आफ्नो जीवनमा लागू गर्न सक्नुहुनेछ ।



कति धर्मान्ध !

सारांशमा:

अरुहरुलाई प्रभाव पार्न अथवा अलमल्लमा पार्न हामीले हाम्रो ज्ञानलाई प्रयोग गर्नुहुन्न ।

किन कुनै पनि शिक्षक आफ्नो ईश्वरशास्त्रको शिक्षालाई प्रयोग गरेर उसको मण्डलीमा एक तानाशाही बन्न मिल्दैन ?

_____

कोसित मात्र मण्डलीमा नियन्त्रण गर्ने अधिकार छ ?
(मत्ती २८:१८)

_____

के तपाईंले विश्वासीहरुलाई प्रभुको सबै आज्ञाहरु पालन गर्न सिकाउँदै हुनुहुन्छ ?

_____

के तपाईंले आफ्नो ज्ञान प्रभु येशूमा समर्पित गर्नुभएको छ ताकि परमेश्वरले यसलाई आफ्नो महिमाको लागि प्रयोग गर्न सक्नुहुनेछ ?

_____

नयाँ विश्वासीहरुलाई लिएर पाष्टर उनीहरुको आफन्तहरुकहाँ सुसमाचार प्रचार गर्न जान्छ....




एक छिन है त । तिनीहरुले ईश्वरशास्त्र नपढुञ्जेल सुसमाचार प्रचार गर्नु मिल्दैन होइन र ? यी पुस्तकहरु पढ्नोस् । यसमा तपाईं झूटा शिक्षाहरुको बारेमा पाउनु हुनेछ ।
होइन, बिरु । यी विश्वासीहरु येशू खीष्टलाई पछ्याउन उत्सुक छन् । तिनीहरुलाई फेरि झूटा शिक्षाहरुको विषयमा यत्रो विघ्न पढ्न लाएर किन निरुत्साहित पार्ने ?
तिनीहरुले सिद्धान्तका सारा कोर्स नसकुञ्जेल, मण्डलीले तिनीहरुलाई सुसमाचार प्रचार गर्ने काम गर्न दिनुहुन्न ।

यी नयाँ इसाईहरुलाई प्रभुको आज्ञा पालन गर्न नरोक्नु होस् ।
तपाईंले ता सामा पो रोप्दै हुनुहुन्छ !
यदि कसैले परमेश्वरको इच्छा पालन गर्न चुन्यो भने, त्यो शिक्षा पर मेश्वरबाट हो कि होइन भनी उसैले जान्नेछ । (यूहन्ना ७:१७)

विश्वासीहरु पौधालाई हेर्न जान्छन् ।

अनि म यिनीहरुलाई शुद्ध कीटनाशक औषधि छरि दिनेछु । त्यसले हर प्रकारको कीटाणु मार्नेछ ।

अहँ, हुँदैन । यो त अति कडा छ । यसले सबै पौधाहरुलाई जलाइदिनेछ ।
हेर्नोस् । परमेश्वरले ता यी पौधाहरुबाट पो हामीलाई धेरै कुराहरु सिकाइरहनु भएको रहेछ ।

पौधाहरुलाई बढी सुरक्षा दियो भने पनि तिनीहरुलाई नोक्सानी नै पुग्नेछ । तर कहिले-काहीँ हामीले नयाँ विश्वासीहरुसँग यसै गर्दछौं । उनीहरु झूटा शिक्षामा पर्लान् भन्ने डरले गर्दा, हामीले तिनीहरुलाई चाँडै अति बढी सिद्धान्तहरुको कुण्डमा डुबाइपठाउने छौं । अथवा तिनीहरुको अविश्वासी मित्रहरुबाट अलग गरिदिनेछौं जसलाई उनीहरुले नै सुसमाचार प्रचार गर्नु पर्ने हो ।



फेरि, जोनले प्रार्थना गर्दछ, अनि परमेश्वर उसित धर्मशास्त्रद्वारा बोल्नुहुन्छ :

"मेरा नयाँ विश्वासीहरुलाई मेरा आज्ञाहरु पालन गर्न सिकाउन थाल ।"
(मत्ती २८:१९-२०)

ज्यू प्रभु, आजसम्म म तपाईंको अनुग्रहमा भर परिनँ । तर अब म भरोसा गर्दछु कि तिनीहरुमा शुरु भएको काम पूरा गर्न तपाईंको आत्माले सहायता गर्नु हुनेछ ।

नयाँ विश्वासीहरुलाई आज्ञा पालन गर्न सिकाउने पहिलो महीना अति मुख्य हुन्छ ।

उनीहरु खाली सिद्धान्त सिक्ने बानी परिसकेकाहरुलाई आज्ञा पालन गर्नेहरु बनाउन अति गाह्रो छ ।

किन यो गाह्रो छ ?

नयाँ विश्वासीहरु नानीहरु जस्तै हुन्छन्

तिनीहरुलाई चाहिएको भोजन हामी दिने काम गरौं ।
(१ कोरन्थी ३:२, १ पत्रुस २:२)

मित्रहरु अनि आफन्तहरुलाई सुसमाचार प्रचार गर

प्रचारकले बिरुको निमन्त्रणलाई उत्तर दिन्छ ।


माफ गर्नोस् । म बस्ने ठाउँको मानिसहरुलाई सुसमाचार प्रचार गर्ने बेला भयो । अब हामी जाऔं ।
अहँ, हामी जान सक्तैनौं । हामीले त यहाँ एक जागृतिको लागि प्रार्थना गर्नु परेको छ । हामी कोही पनि जान सक्तैनौं ।
प्रार्थना गर्ने समय छ, अनि काम गर्ने समय पनि छ । अब चाहिँ काम गर्ने समय आएको छ । हामी एलिनाकहाँ जानेछौं ।

तब के तपाईं जागृति चाहनुहुन्न ? जस-जसले जागृति रुचाउनु हुन्छ, यहाँ मसग बसौं ।
पर्खनोस् ! हामी यसमा विभाजित हुनुहुन्न । हामी सबै यहाँ बसौं अनि प्रार्थना गरौं । हामी अर्को दिन पनि सुसमाचार प्रचारमा जान सक्छौं ।

प्रचारकले ता आफ्नो क्याम्पेन छोडेको छैन ।


खाली स्त्रीहरु मात्र आएका छन्, पुरुषहरु छैनन् । हामी प्रभु विना हर एका पुरुषहरुलाई सुसमाचार पुऱ्याउने काम गर्न समर्थ भएका छैनौं !
ती दुइ स्त्रीहरुमध्ये एक जनाले त हो अस्ति नै पाष्टर चन्द्रको मण्डलीमा समस्या खडा गरेको । तिनीहरु हाम्रो मण्डलीमा आउनु हुन्न ।

केही दिन पश्चात....

सुन्नु होस् । तपाईंले तिर्नुपर्ने पैसा यही हो । हामी तपाईको क्याम्पेनमा आउन सक्तैनौं । जो जो अघि आए, उनीहरु प्रभुसँग हिँड्न चाहदैनन् । कति चाहिँ अरु मण्डलीहरुबाट आएका थिए । तर हामी अरु मण्डलीहरुबाट आएकाहरुलाई सदस्यतामा लिनेछैनौं ।
तर....


पाष्टर जोन.... तपाईंले जागृतिको विरोध गर्दैहुनुहुन्छ ! तपाईंले आत्मालाई सन्ताप पुऱ्याउँदै हुनुहुन्छ ! हामी तपाईंलाई ठीक पार्नेछौं ।
बिरु, जब तपाईंले त्यो क्याम्पेनमा पैसा र समय नष्ट गरिरहनु भएको थियो, हामी हाम्रो दिदीको छिमेकीकहाँ सुसमाचार प्रचारको निम्ति गयौं । ६ परिवारले येशू ख्रीष्टलाई पछ्याउने निर्णय गरेका छन् । तिनीहरु भोलि मण्डलीमा आउने छन् ।

अति नम्र विश्वासीहरुले नै पापीहरुलाई कायल पारे ! त्यो प्रचारकले ता सकेन । किन ?



ठूला ठूला क्याम्पेनहरु विना पनि तपाईं परिवारहरुलाई ख्रीष्टमा जित्न सक्नुहुनेछ। सरल प्रेम र विश्वासमा तपाईंले प्रभुको निम्ति साक्षी दिनसक्नु हुन्छ। पापीहरुलाई कायल पार्न पवित्र आत्मा ती ईमान्दार साक्षीहरुलाई प्रयोग गर्नु हुनेछ! विशेष तरिका अनि ठूला प्रवचनहरुमा भन्दा बढी कायल पार्न सक्ने नम्र साक्षीको शक्तिमा भरोसा गरौं।

अर्को कुरा: त्यो प्रचारकले केवल स्त्रीहरु अनि नानीहरुलाई आकर्षित पार्न सके। तर तपाईंले सारा परिवारलाई प्रभुमा जित्नु पर्छ। यदि उसको परिवारले नै विश्वास गर्दैन भने, कुनै पनि एकलो व्यक्तिलाई परिवर्तन हुन गाह्रो पर्दछ। हरेक मित्र अनि आफन्तको सम्पूर्ण परिवारलाई साक्षी दिने काम जारी राख्नोस्। परमेश्वरले उहाँको मण्डलीमा धेरै जना थपिदिनु हुनेछ।

कुनै पनि कार्यक्रम, अथवा भवनको योजनालाई अघि नसारौं, जसले मण्डलीको वृद्धिलाई वाधा पुऱ्याउँछ । यदि हामीसँग मण्डली भवन ठूलो नभए, घर-घरमा भेला भएर, विभिन्न ससाना मण्डलीहरु बनाऔं । तिनीहरु महीनामा एक चोटि, कुनै खेलकूद भूमिमा भए पनि, एक ठाउँमा भेला हुन सक्छन् !



तर धेरै मण्डलीहरु सुसमाचार प्रचार विनै बढिरहेका छन् । उनीहरुसँग मनोरञ्जनका कार्यक्रमहरु हुन्छन्, जसले अरु मण्डलीहरुबाट सदस्यहरु तानेका हुन्छन् । त्यो त राम्रै हो, होइन र ?

शैतानले कतिपय खराब कार्यक्रमहरुलाई पनि हालको निम्ति सफल देखाउँछ, ताकि मण्डलीहरुले सुसमाचार प्रचार गर्ने रोकून् । तिनीहरु ठान्दछन् कि असल कार्यक्रमहरु प्रस्तुत गर्न सकियो भने, मानिसहरु परिवर्तन हुनेछन् । तिनीहरु सुसमाचार प्रचारको निम्ति बाहिर जान छोड्दछन्, जबकि खीष्टले गएर चेला बनाउने आज्ञा गर्नु भएको छ ।


खीष्टको निम्ति साक्षी दिन नछाडौं ! तर हरेक साँझ सुसमाचारका सभाहरु नराखौं । यदि हामीले धेरै सभाहरु आयोजना गऱ्यौं भने, सेवाको गुणस्तर घट्नेछ, उपस्थितिमा ह्रास आउनेछ, अनि घरघरमा हुने सुसमाचार प्रचार रोकिनेछ । बाहिरका प्रचारकहरु ल्याएर कुनै सुसमाचार सभाहरु आयोजना गर्नु पर्ने आवश्यकता पनि छैन । बरु हामी सबै सदस्यहरु मिलेर हाम्रा सम्पर्कमा भएका व्यक्तिहरुलाई साक्षी दिने तरिकालाई विकास गरौं ।
हु ! परमेश्वरले त धेरै मानिसहरु भएको मन पराउनु हुन्न कि क्या हो । उहाँले ता धेरै पवित्रता मात्र खोज्नु हुन्छ कि कसो ।
होइन, भाइ । आज्ञाकारिता नभएको ठाउँमा पवित्रता भन्ने कुरै हुँदैन । आज्ञाकारिता, पवित्रता अनि सुसमाचार-प्रचार मण्डलीको छुट्याउनै नमिल्ने जिम्मेवारीहरु हुन् । तिनीहरु सँगसँगै जानुपर्छ ।

१. एक आज्ञाकारी मण्डलीको निम्ति, सुसमाचार प्रचार कुनै "विशेष" कुरो होइन । यो ता दिनहुँ भइरहनु पर्ने कार्य हो । किन ?

२. कति मण्डलीहरु बढिरहेको जस्तो देखिन्छ, तर तिनीहरुले हराएका आत्माहरुलाई बचाइरहेका हुँदैनन् । तिनीहरुले ता अरु मण्डलीहरुको सदस्यहरुलाई आकर्षित पारिरहेका हुन्छन् । यसले खीष्टको मण्डलीलाई बढ्नमा सहयोग पुऱ्याउँदैन । किन पुऱ्याउँदैन ?

३. आफ्ना चेलाहरुले पालन गरुन् भनेर येशू खीष्टले केही कुराहरुको आज्ञा गर्नुभयो । तलको खण्ड पढ्नुहोस् अनि येशूले के आज्ञा गर्नुभयो सो लेख्नु होस् :

मर्कूस १:५ (२ कुराहरु) :

मत्ती २८:१९-२० (२ कुराहरु) :

मत्ती २२:३७-३७ (२ कुराहरु) :

मत्ती २६:२६-२८ :

मत्ती ६:५-१५ (२ कुराहरु) :

लूका ६:३८ :

लगातार बढिरहनको निम्ति नयाँ गरी व्यवस्थित हुनुहोस् ।

भेट्न आउने सदस्यहरुका मित्रहरु अनि आफन्तहरु मार्फत, मण्डली अति नै वृद्धि भएको छ । जोनले धेरै कठोर परिश्रम गरिरहेको छ । उ बिरामी हुन्छ अनि निरास पनि बन्छ । उसलाई मन नपराउने बिरुले यो अवस्थाको फाइदा उठाउँछ:

पाष्टरको राजीनामाको माग गर्नको लागि बिरुले एउटा सभा डाक्दछ ।

हामीले हाम्रा आफन्तहरु अनि साथीहरुलाई त गवाही दिइसकेका छौं । हामीले तिनीहरुमध्ये प्राय जसोलाई प्रभुमा ल्याइसकेका छौं । यसकारण, अब हाम्रा सबै साथीहरु अनि आफन्तहरु विश्वासीहरु भएका छन् । परिवर्तन नभएकाहरुमध्ये हाम्रा केही साथीहरु छन् । यसैकारण हामीले गवाही दिन नै छोडिदिएका छौं । त्यसैकारण अहिले मण्डलीको वृद्धि तेति खासै भएको छैन ।



त्यसो भए, हाम्रा छिमेकीहरुमा नयाँ साथीहरु खोजौं । नयाँ अनि परिवर्तन भएका परिवारहरुसित सम्पर्क स्थापित गरौं । अझसम्म हामीले नचिनेका मानिसहरु भेटनको निम्ति हामी केही परसम्म हिँड्नु पर्ने हुन्छ ।



एक आज्ञाकारी मण्डली खीष्टिय विश्वासमा परिवर्तन नभएका मानिसहरुसित प्रेमिलो सम्पर्कमा रहन्छ। मण्डलीले आफूलाई समुदायबाट अलग पारेर राख्दैन, तर समुदायको पापमा चाहिँ संलग्न हुँदैन। यदि मण्डलीले साक्षी दिन छोड्दछ भने, यो वृद्धि हुन पनि छोड्दछ।

मेरो घरको उल्टोपट्टि रक्सी बेच्ने ती नराम्रा व्यक्तिहरुलाई साक्षी दिन मैले चाहिनँ। तर हामीले तिनीहरुलाई प्रेम गर्नुपर्छ भनी येशूले आज्ञा गर्नुहुन्छ, यसकारण म साक्षी दिन गइरहेछु। तर एउटै कुरो के हो भने उनीहरुसित कसरी बोल्नु पर्छ, सो म जान्दिनँ। पाष्टर, यो कसरी गर्नुपर्छ, सो मलाई देखाइदिनु होस् है। हामीलाई अझ बढी तालीम चाहिन्छ।
तर हामी हरेकसँग बाहिर भेट्न जानलाई तपाईंसित समय हुँदैन नी !



म केही एल्डरहरुलाई तालीम दिनेछु, ताकि उसले तपाईंहरुलाई तालीम दिनेछन्। एफिसी ४:११-१२ ले भन्दछ कि पाष्टरहरुले सेवकाइको कामको लागि मण्डलीहरु बाँकी सदस्यहरुलाई तयार पार्दछन्। पाष्टरले मात्र सबै थोक गर्नु राम्रो होइन। त्यसकारण एल्डरहरुसित गएर म भेट्ने छु। तिनीहरुले सिक्नेछन्, ताकि तिनीहरुले तपाईंलाई सिकाउनेछ। एल्डरहरुले मसित पाष्टरी जिम्मेवारी पूरा गर्न हात बाँट्ने छन्।


यो हाम्रो भूल हो । हामी अल्छे छौं ! हामी त पाष्टरलाई नै सबै काम गर्न दिनेछौं ।
मैले नम्र विश्वासीहरुलाई सेवकाइमा सहयोग गर्न रोकें । तर मैले अब बुझ्दैछु कि हामी सबैसँग अरुहरुलाई सेवा पुऱ्याउनको निम्ति केही वरदान अवश्य हुन्छ ।
म भूलमा परेको थिएँ । सबै जिम्मेवारी वहन गर्नको निम्ति मैले पाष्टरलाई पर्खिरहें । मैले पाष्टरको निम्ति थोरै मात्र प्रार्थना गरिदिएँ । अनि मैले यो पनि सोधिनँ कि मैले उहाँलाई कसरी सहयोग गर्न सक्छु ।
मैले मेरा भाइहरुको खाँचोको निम्ति प्रार्थना गरेको छैनँ । मैले त आफ्नै मात्र चिन्ता लिएँ ।

यी भूलहरु स्वीकार गरे पछि, पवित्रताको एक आत्मा उनीहरुमाथि आउनु हुन्छ । उनीहरुले प्रार्थना गर्दछन् :



कसरी नयाँ साथीहरु बनाउनु भनी अरु एल्डरहरुलाई पाष्टर आफैले नमूना देखाए। तिनीहरु एक छिमेकीकहाँ भेट्न जान्छन्। पाष्टरले त्यस परिवारको खाँचोलाई ध्यान दिएर सुनिदिनु हुन्छ। इसाई प्रेम साँच्चै मानिसहरुमा पलाउँछ :

कायल पार्ने साक्षी - आफ्नो देह मण्डलीद्वारा खीष्टले यस संसारमा काम गर्नुहुन्छ



जब एउटा पापीले खीष्टको देहको प्रेम महसुस गर्दछ, उहाँको रगतद्वारा क्षमादान पाइने कुरो चाल पाउँछ, अनि पवित्र आत्माले ज्योति दिनुहुन्छ, तब उसले क्षमा माग्दछ ।

किन पवित्र आत्माबाट नजन्मेको अनि प्रेम विनाको वचनले मात्र कुनै पनि पापीलाई कायल पार्न सक्तैन ? (१ कोरन्थी १३:१)

जब तपाईंले आफ्ना मित्रहरु अनि आफन्तहरुलाई सुसमाचार प्रचार गरिसक्नु भएको भए, नयाँ व्यक्तिहरुसित सम्पर्क बनाउने अरु उपायहरु के होला ?

किन पाष्टर एकलैले यी सबै आफै गर्नुहुन्न ?

आँउदो आइतबार, जोनले मण्डलीभित्रै अरु धेरै झुण्डहरु खडा गर्नु पर्ने खाँचो व्यक्त गऱ्यो । यो व्यवस्थापनको निम्ति एक बाइबलीय तरिका हो ।

जब मण्डली सानो थियो, मैले तपाईंहरु सबैलाई हेर्न भियाउँथे । तर अब हामी बढिरहेका छौं, अनि नयाँ सदस्यहरुको देखरेख गर्नको निम्ति हामीलाई नयाँ पाष्टरहरु चाहिन्छ । बाइबल अनुसार, मण्डलीमा एल्डरहरु सह-पाष्टरहरु हुन् (प्रेरित १४:२३, २०:१७,२८, तीतस १:५-९, १ पत्रुस ५:१-४)। अलमल्लमा नपर्नको लागि हरेक एल्डरले आफ्नो सानो झुण्डलाई नै देखरेख गर्दा राम्रो हुनेछ ।
हामी तीन झुण्ड बनाउनेछौं, हरेकमा एक जना एल्डर यसका सह-पाष्टर हुनेछ । तीन जना अगुवाहरु तीनवटा क्षेत्रहरुमा सह-पाष्टरहरुको रुपमा सेवा गर्न सहमत भए । साथै, त्यहाँ आ-आफ्नो अगुवासहित सुसमाचार टीमहरु हुनेछन् ।

एक बुद्धिमानी पाष्टरले हरेक कुरोलाई नियन्त्रण गर्दैन । एक कमजोर पाष्टरले हरेक कुरोमाथि नियन्त्रण राख्न खोज्छ । मण्डलीका सबै क्रियाकलापहरु ममाथि नै थोपारेर मलाई अक्टोपस बनाएको मलाई मन पर्दैन । एक अक्टोपस-पाष्टरमा अरु सदस्यहरुलाई जिम्मेवारी बाँड्नको लागि साहस हुँदैन । त्यसकारण, उनीहरुले थोरै मात्र गर्न सक्छन्, अनि मण्डली बढ्नमा असफल बन्दछ ।





वृद्धिमा रहेको मण्डलीले नयाँ अगुवाहरुलाई तालीम दिन्छ । साधारणतया, मुख्य पाष्टरले उनीहरुलाई तालीम दिन्छ अनि तिनीहरुले नयाँ मण्डलीमा नयाँ झुण्डहरुमा पाष्टरी गर्दा तिनीहरुलाई संयोजन गर्दछ ।

तपाईंको मण्डलीमा नयाँ झुण्डहरुलाई कस-कसले देखरेख गर्न सक्ला ?

तपाईंको मण्डलीको निम्ति नयाँ झुण्डका अगुवाहरुलाई कसरी तालीम दिने अनि निरीक्षण गर्ने योजना गर्नुभएको छ, अनि कसले यो काम गर्नलाई सहयोग गर्नेछ ?
(अरु अगुवाहरुसित सल्लाह लिनोस् ।)

एक गोठालोले केही गाईवस्तु लिएर गयो भने, उ एकलैले देखरेख गर्न सक्छ । तर उसँग धेरै गाईवस्तुहरु भए, उसले ती गाईवस्तुहरुको हेरचाह गर्न अरु सहयोगीहरु ल्याउँछ !

बढिरहेको मण्डलीको पाष्टरले उसलाई सहयोग पुऱ्याउन सक्ने एल्डरहरुलाई जिम्मेवारीहरु बाँड्ने काम गर्दछ । (हेर्नोस् प्रस्थान १८:१३-२७)

आफ्नो मुख्य पाष्टरको नमूना हेर्दै, नयाँ सह-पाष्टरहरुले उनीहरुको जिम्मामा दिइएको झुण्डहरुको देखरेख गर्दछन् । तिनीहरुले आ-आफ्ना सेवकाइहरुको लागि सदस्यहरु तयार पार्नेछन् । तिनीहरुले हरेक आइतबार प्रतिवेदन दिनेछन्....



सारांश जाँच

एक आज्ञाकारी मण्डलीको साधारण वृद्धि कस्तो हुन्छ::

१. एफिसी ४:११-१६ पढ्नोस् ।

क) परमेश्वरले मण्डलीलाई कस्ता वरदानहरु दिनुभएको छ जसको कारण मण्डली आत्मिक अनि संख्यात्मक दुवै रुपमा बढ्दछ ? (पद ११)

_____

_____

_____

_____

_____

ख) कुन व्यक्तिहरुले सेवकाइका कामहरु गर्दछन् जसद्वारा मण्डलीको वृद्धि हुन्छ ? (पद १२)

_____

ग) हाम्रो वृद्धिको लक्ष्य के हो ? (पद १३)

घ) खीष्टको कदको नापसम्म बढ्न हामीलाई केले र ोक्छ ? (पद १४)

ङ) सिद्धान्तको छालले नहुत्त्याईकन वृद्धि हासिल गर्नको लागि हामीले के गर्नुपर्छ ? (पद १५)

च) देहको विकासको निम्ति अङ्गहरुले के गर्नुपर्छ ? (पद १६)

२. प्रस्थान १८:१३-२७ पढ्नोस् ।

क) परमेश्वरका सारा जनहरुलाई राम्ररी देखरेख गर्नको निम्ति मोशा के गरे ?

_____

_____

ख) नरन्तर वृद्धि भइरहनको निम्ति के तपाईंको मण्डलीमा पनि यस प्रकारको व्यवस्थापन नयाँ गरी हुनु जरुरी छ कि ?

_____

ग) नयाँ झुण्डहरुलाई व्यवस्थित गर्नको लागि तपाईंसित के कस्ता योजनाहरु छन् ?

_____

_____

घ) यी झुण्डहरुले के गर्लान् ?

ङ) यी झुण्डहरुको अगुवाहरुलाई तपाईंले कसरी तालीम दिनुहुन्छ ?

अभ्यासको काम

- तपाईंको मण्डली सुसमाचार प्रचार अनि चेला बनाउने काममा उत्प्रेरित हुन सकोस् भनी प्रार्थना गर्नोस् ।

- मण्डली नभएका ठाउँहरुमा प्रभुले खेतालाहरु पठाइदिऊन् भनी प्रभुसँग प्रार्थना गर्नोस् ।

- एल्डरहरुलाई तपाईंहरुसँग लगेर चेलाहरु बनाउनोस्, ताकि तपाईंले यस काममा तिनीहरुलाई तालीम दिन सक्नुहुन्छ ।

- कसरी तपाईंको मण्डलीका मानिसहरुको मित्रहरु, आफन्तहरु अनि छिमेकीहरुलाई भेटघाट गरी सुसमाचार पुऱ्याउन सकिन्छ त्यसको निम्ति प्रोत्साहन दिने योजनाहरु बनाउनु होस् ।

_____

_____

_____

- सम्भव भएमा– हरेक क्षेत्रमा एक एक एल्डरसहितको झुण्डहरु तयार पार्नोस् । तपाईंले एल्डरलाई तालीम दिनोस् ताकि उनले :

  - हरेक विश्वासीलाई प्रभु येशू ख्रीष्टको सारा आज्ञा पालन गर्न सिकाउन सक्नेछ ।

- तिनीहरुका परिवारहरु अनि छिमेकीहरुको निम्ति प्रार्थना गर्न सक्नेछ ।
- परिवर्तन नभएका साथीहरुको सूची बनाएर तिनीहरुलाई साक्षी दिने काम गर्नेछ ।

एल्डरहरु अनि तिनीहरुका जिम्मामा भएका झुण्डहरुको नाउँ लेख्नोस् ।

एल्डर	**झुण्ड**

टिप्पणीहरु

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

052NP01A-01